गढवा गाउँपालिकाको पन्ध्रौ अधिवेशनको तेस्रो बैठक
२०८१ साल असार १० गते सोमबार
गाउँपालिका उपाध्यक्ष श्री शारदा कुमारी चौधरीले
प्रस्तुत् गर्नुभएको बजेट वक्तव्य

# आर्थिक वर्ष २०८१/०८२ को
# बजेट तथा कार्यक्रम

गढवा गाउँपालिका
गढवा, दाङ
२०८१

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यस गरिमामय सभाका सभा अध्यक्ष ज्यू,
सभाका सचिव ज्यू
सम्पूर्ण वडा अध्यक्ष ज्यू
सभाका सम्पूर्ण सदस्य ज्यू हरु,
उपस्थित राष्ट्रसेवक कर्मचारीहरू ।

नेपालको सविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गढवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभाको पन्ध्रौ अधिवेशनमा गढवा गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

यस गौरबपूर्ण क्षणमा म संघीय लोकतान्त्रिक गणतन्त्रका लागि बिभिन्न कालखण्डमा संघर्षहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानूनको निर्माण, गाउँपालिकाको विभिन्न विषयमा गुरुयोजना तथा विकास योजना तर्जुमा, जनशक्ति व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले थप अघि बढ्ने आधार र प्रेरणा प्रदान गरेको छ। सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धीहरु हाँसिल गरेको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशनको बैठकमा आर्थिक वर्ष २०७९/०८० को यथार्थ, चालु आर्थिक वर्ष २०८०/०८१ को संसोधित अनुमान र आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित अनुमान पेश गरेको छु ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

| सि.नं. | आर्थिक वर्ष | चालु खर्च | पूजिगत खर्च | जम्मा बजेट |
|---|---|---|---|---|
| १ | आ.व. २०७९/०८० को यथार्थ विवरण | ३६ करोड ८९ लाख ०३ हजार ६ सय | २६ करोड ८९ लाख ४७ हजार ७ सय | ६३ करोड ७८ लाख ७१ हजार ३ सय |
| २ | आ.व. २०८०/०८१ को संसोधित अनुमान | ४४ करोड ४० लाख ८ हजार ३२८ | १९ करोड २६ लाख ४ हजार ७४४ | ६३ करोड ६६ लाख १३ हजार १७२ |
| ३ | आ.व. २०८१/०८२ को प्रस्तावित विवरण | ४० करोड ८० लाख ९२ हजार अर्थात ६०.५७ प्रतिशत | २६ करोड ५६ लाख ३५ हजार अर्थात ३९.४२ प्रतिशत | ६७ करोड ३७ लाख २७ हजार |

**अध्यक्ष महोदय,**

म आर्थिक बर्ष २०८१/०८२ मा विभिन्न सरोकारवाला पक्षहरूबाट प्राप्त राय सुझाव, वडाहरूबाट प्राप्त माग, उल्लिखित समिक्षा र आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमका आधारमा बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत् गर्न गईरहेको छु।

## बजेटका उद्देश्यहरू :-

- संविधान वमोजिम स्थानीय तहलाई जनता निकटको सरकारका रूपमा स्थापित गर्नु ।
- शिक्षा, स्वास्थ्य, कृषि र रोजगार लगायत सेवाहरूको प्रभावकारी व्यवस्थापन गर्नु ।
- निशुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु ।
- सुरक्षित आवास सहित विपद् व्यवस्थापन तथा मानब अधिकारको रक्षा गर्नु ।
- कृषिमा व्यवसायिकरण तथा आधुनिकिकरण गरी रोजगारीको सृजना मार्फत उद्यमशिलता र आत्मनिर्भरताको विकास गर्नु ।
- पूर्वाधारहरूको विकास र विस्तार गर्दै गुणस्तरीयता कायम गर्नु ।
- समावेशी विकासको अवधारणा मार्फत् सामाजिक रूपान्तरण र समृद्धि कायम गर्नु।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**बजेटका प्राथमिकताहरू :-**

- शिक्षा
- स्वास्थ्य
- कृषि तथा पशुपालन
- पूर्वाधार विकास
- युवा उद्यमशिलता
- सिचाई
- भूमिहिन, सुकुम्बासी र अब्यवस्थित बसोबास
- स्थानीय तहको संस्थागत विकास ।
- रोजगारी र उत्पादनमा वृद्धि ।
- वन, वातावरण संरक्षण ।
- सामाजिक न्याय तथा लैङ्गिक मूलप्रवाहीकरण ।
- सेवा प्रवाहमा क्षमता विकास ।

अध्यक्ष महोदय,

आ.व. २०८१/०८२ को अनुमानित आय व्यय प्रस्तुत गर्न गईरहेको छु ।

क) आ.व. २०८१/०८२ को अनुमानित आय :

| सि.नं. | आयश्रोत | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | संघिय सरकार समानिकरण अनुदान | १२ करोड ४४ लाख |
| २ | संघिय सरकार सशर्त अनुदान | २६ करोड ९३ लाख ५१ हजार |
| ३ | संघिय सरकार समपुरक अनुदान | १ करोड ५० लाख |
| ४ | संघिय सरकार विशेष अनुदान पूंजीगत खर्च | १ करोड ८५ लाख |
| ५ | संघिय सरकार राजस्व बाँडफाँड । | १३ करोड २४ लाख |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

| | | |
|---|---|---|
| ६ | लुम्बिनी सरकार समानिकरण अनुदान | ८५ लाख ८० हजार |
| ७ | लुम्बिनी सरकार सशर्त अनुदान | १ करोड २५ लाख |
| ८ | लुम्बिनी सरकार समपुरक अनुदान | ७० लाख |
| ९ | लुम्बिनी सरकार विषेश अनुदान | २० लाख |
| १० | लुम्बिनी सरकार राजस्व बाँडफाँड | ८८ लाख ७५ हजार |
| ११ | गाउँपालिकाको आन्तरिक आय | ६ करोड ५१ लाख २१ हजार |
| १२ | संचितकोष अ.ल्या.हुने अनुमानित रकम | १ करोड |
| जम्मा आय | | ६७ करोड ३७ लाख २७ हजार |

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१. आगामी आ.व.को कुल आय अनुमान मध्ये चालु खर्चमा रू ४० करोड ८० लाख ९२ हजार र पूँजिगत खर्च तर्फ रू २६ करोड ५६ लाख ३५ हजार गरि जम्मा रू ६७ करोड ३७ लाख २७ हजार व्ययको अनुमान गरेको छु । जसमध्ये

क) आर्थिक विकास तर्फ व्यय :

1. गढवा गाउँपालिकाभित्र उत्पादन भएका कृषि तथा पशु जन्य उत्पादनलाई खेर जानबाट बचाउने उदेश्यले स्थापनार्थ शित भण्डारको निर्माणको लागि रू १ करोड ८५ लाख रूपैंया विनियोजन गरेको छु ।

2. कृषि प्रणालीमा आधुनीकरण, प्रविधिकरण तथा वैज्ञानिकरण गर्न साना सिंचाई निर्माण, जैविक तथा रासायनिक विषादीको प्रयोग, बाली रोग नियन्त्रण, करार खेती अनुदान, गड्यौली मल उत्पादन तथा विउ सहयोग, माटो परिक्षण, पुष्प खेति, वेसार खेति, आलुको विउ उत्पादनका लागि जम्मा रू ३८ लाख ५० हजार विनियोजन गरेको छु ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

३. पशुपन्छि तथा मत्स्य विकासका लागि खोपको व्यवस्था, पशुपन्छिको उपचारको लागि निशुल्क औषधीको व्यंवस्था, हिंउदे घासको विउ वितरण र गौशाला व्यवस्थापनका लागि एकमुष्ठ रू ३२ लाख ४० हजार वजेट व्यवस्था गरेको छु ।

४. कृषि तथा पशु विकासमा आधारीत साना किसान तथा युवा उद्यमशिलता साझेदारी कार्यक्रमका लागि १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

५. शहिद पार्क निर्माणका लागि रू २७ लाख सहित पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६. नयाँ उद्यमी सिर्जना तथा उद्यमीहरूको स्तरउन्नती गरि रोजगारी सिर्जना गर्न उद्योग तर्फ रू. १७ लाख बजेट व्यवस्था गरेको छु ।

७. सरकारको तिन खम्वे अर्थनीतिलाई उजागर गर्न सहकारी क्षेत्रका लागि लेखा सुपरीवेक्षण, सहकारी व्यवस्थापक, कोपोमिस तालिम, सहकारी विकास कार्यक्रममा एकमुष्ट रू. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि पहल कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना गर्न रू. ५३ लाख ३३ हजार रकम व्यवस्था गरेको छु ।

९. अव्यवस्थित बसोवासी तथा भूमिहिन सुकुम्बासीको व्यवस्थापनका लागि आवश्यक रकम रू. ३० लाख विनियोजन गरेको छु ।

१०. कुमाल समुदायको माटोको भाडा निर्माण (सेरामिक्स) हव कार्यक्रमलाई निरन्तरता दिएको छु ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

धम नारायण शर्मा पोखेल
अध्यक्ष

ख) सामाजिक विकासतर्फ व्यय :

१. गढवा गाउँपालिकाको शैक्षिक स्तर उन्नतीका लागि विद्यालय शिक्षा योजना अन्तर्गत चालुतर्फ रू. ३ करोड ५५ लाख ५९ हजार, विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत पूजिंगत रू. ५५ लाख, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद रू ७ लाख, शैक्षिक पूर्वाधार निर्माण कार्यमा रू. ८० लाख, शिक्षातर्फको वार्षिक कार्यक्रम ३८ लाख ५० हजार गरी जम्मा रू. ५ करोड ३६ लाख ९ हजार वजेट व्यवस्था गरेको छु ।

२. स्वास्थ्य सेवामा परिवार कल्याण कार्यक्रममा ४८ लाख ४७ हजार, महामारी तथा रोग नियन्त्रण कार्यक्रममा रू. ३ लाख ९३ हजार, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम रू. १८ लाख २६ हजार, स्वास्थ्य व्यवस्थापन उपचारात्मक सेवामा रू. ३० लाख ८४ हजार, निशुल्क औषधी वितरण ६१ लाख, गढवा स्वास्थ्य चौकीमा इमरजेन्सी सेवा संचालनको लागि रू. ५० लाख, शाखागत बार्षिक कार्यक्रम रू. ५० लाख, बहुक्षेत्रिय पोषण, सामाजिक सुरक्षा, स्वास्थ्य क्षेत्र सुधार, सर्पदंश संचालन, आँखा सम्बन्धी उज्यालो अभियान तथा वडा कार्यालय तर्फका कार्यक्रम गरि जम्मा रू.२ करोड ९८ लाख ७५ हजार विनियोजन गरेको छु ।

३. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत एक पालिका एक अस्पतालका लागि निर्माणाधिन १५ शैया अस्पतालको लागि प्राप्त बजेट रू. ५ करोड ६४ लाख सोही शीर्षकमा खर्च हुने व्यवस्था मिलाएको छु ।

४. पालिकाबाट प्रदान गरिने सुत्केरी स्याहार प्रोत्साहन भत्तालाई निरन्तरता दिने व्यवस्था गरेको छु ।

५. योग सिविर सञ्चालन, शिरोधरा, स्नेहहन, स्वेदन, पञ्चकर्म सेवा, निशुल्क आर्युवेद स्वास्थ्य शिविर सञ्चालन तथा अत्यावश्यक औषधी व्यवस्थापनका लागि रू. २० लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

६. स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई प्राथमिकतामा राखि युवा खेलकुद कार्यक्रमतर्फ रू. ३५ लाख ८० हजार बजेटको व्यवस्था गरेको छु ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखरेल
अध्यक्ष

७. म्यादी जीवन विमा, अति विपन्न स्वास्थ्य विमा कार्यक्रम, सामाजिक सुरक्षा कोष, आर्थिक सहयोगको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८. बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमका लागि रू. ९ लाख, लक्षित वर्गहरूको लागि सिलाईकटाई तालिम, होजियारी तालिम, हार्पिक र भाडा धुने सावुन, थाकलका पातबाट सजावट बनाउने तालिम लगायत, शारीरीक अशक्तता भएका व्यक्ति, मधेसी मुस्लिम, आदीवासी दलित, बोटे कुमाल तथा माझि समुदाय र जेष्ठ नागरिकका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९. गाउँपालिकाभित्रका धार्मिक संरचना निर्माण तथा कला, भाषा, धर्म, संस्कृतिको पहिचान तथा संरक्षण गर्न एकमुष्ठ रू. १९ लाख ७५ हजार बजेटको व्यवस्था गरेको छु ।

ग) पूर्वाधार विकासतर्फ व्यय :

१. गढवा क्याम्पस रोडदेखि खरखरे डाँडा, मनिकापुर कक्रहवा सडक निर्माणको लागि रू. ३ करोड बजेट विनियोजन गरेको छु ।

२. धैरेनी दामोदर सडकदेखि खानेपानी हुँदै पृथ्वी सहकारीसम्मको सडकको लागि रू. १ करोड विनियोजन गरेको छु ।

३. वडा नं. ४ को भालुदोन्द्रे खोलादेखि कटियान गाउँसम्म सडक कालोपत्रेका लागि रू. ४० लाख विनियोजन गरेको छु ।

४. गाउँपालिकाका भित्री सडकहरू नयाँ बाटो निर्माण तथा स्तरोन्नतीका लागि एकमुष्ठ रू. ८४ लाख ५० हजार रकम व्यवस्था गरेको छु ।

५. वडा नं. २ को भौरीसाल नाकामा खोला तटबन्धनका लागि प्राप्त बजेट रू. ५० लाख, कफली खोला तटबन्धनका लागि प्राप्त बजेट रू. २५ लाख तत् तत् शिर्षकमा खर्च हुने व्यवस्था मिलाएको छु ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

६. गाउँपालिकाका भित्रका खहरे खोला तथा जोखिमयुक्त वस्तीहरूको संरक्षण गर्न तटबन्धनका लागि एकमुष्ठ रू. २३ लाख ५० हजार रकम व्यवस्था गरेको छु ।

७. कक्रहवा जमुनीवास सिमलतारा खानेपानी योजनाको लागि रू. २५ लाख, गढवा १ रडसिड्मा खानेपानी योजना निर्माणका लागि रू. २० लाख र वडाभित्रका खानेपानीको समस्या सामधानको लागि रू. २८ लाख ५० हजार विनियोजन गरेको छु ।

८. चिमचिमेमा रहेको निर्माणाधिन झोलुङ्गे पुलका लागि रू. १० लाख र गाउँपालिका भित्र साना खहरे खोलाहरूको आवतजावत सहजताको लागि कल्भर्ट, स्ल्याब निर्माणका लागि एकमुष्ठ रू ३१ लाख बजेट विनियोजन गरेको छु ।

९. गाउँपालिका भित्रका भित्री सडकहरूको स्तरोन्ती तथा ढल निकास गर्न नाली निर्माणका लागि एकमुष्ठ रू. ६६ लाख २५ हजार रकम व्यवस्था गरेको छु ।

१०. गाउँपालिका भित्रका थोरै लगानीमा सिचाई उपलब्ध गराउन सकिने साना सिंचाई योजनाको लागि एकमुष्ठ रू. ४५ लाख विनियोजन गरेको छ ।

११. गाउँपालिका परिसरको कम्पाउण्डको व्यवस्थापनको लागि रू. २० लाख, उर्जातर्फ रू. ५ लाख बजेट विनियोजन गरेको छु ।

१२. सुरक्षित नागरिक आवासतर्फ छनौट भएका १८९७ लाभग्राहीहरूको लागि रू. ३३ लाख तथा गाउँपालिका भित्रका विभिन्न साना संरचना निर्माण तर्फ भवन निर्माणका लागि रू. २६ लाख ५० हजार विनियोजन गरेको छु ।

१३. गाउँपालिकाका योजना तथा विविध कार्यक्रमतर्फ रू. १ करोड ५० लाख, समपुरकबाट कार्यान्वियन हुने योजनाको लागि रू. १ करोड ८० लाख बजेट व्यवस्था गरेको छु ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोख्रेल
अध्यक्ष

१४. महाविर थारू कुमालको घरदेखि डाँडाटोलसम्म बाटो कालोपत्रे, महदेवा घुम्रा बाटो कालो पत्रे, बाँकी चोकदेखि लालपुर हुँदै लोखरपुर जाने बाटो कालोपत्रे, चन्दनपुर भोजपुर लक्षिणपुर बाटो कालोपत्रे, कोईलाबास आँखा अस्पतालको ओटी भवन निर्माणका लागि रू ३० लाखका दरले जम्मा १ करोड ५० लाख बजेट व्यवस्थापन गरेको छु ।

१५. विश्व अर्थतन्त्रमा आयको मन्दी, कोभिड १९ को पश्चगामी प्रभाव, रूस युक्रेन युद्ध आदिका कारणले राष्ट्रीय अर्थतन्त्रमा देखिएको सुस्तताका कारण अपेक्षित राजश्व तथा आयका श्रोतहरू परिचालन हुन नसक्दा पालिकाले प्राप्त गर्ने संघीय तथा प्रदेश अनुदानहरू तोके बमोजिम निकाशा नभएकोले यस पालिकाबाट चालु आ.व. मा भुक्तानी हुन नसकि सिर्जना भएको दायित्वहरू व्यहोर्नका लागि रू ३ करोड ३५ लाख ८९ हजार रूपैया विनियोजन गरेको छु ।

घ) वन, वातावरण तथा विपद व्यवस्थापनतर्फ व्यय :

१. जलवायु परिवर्तन न्यूनिकरण, दिगो विकासका लक्ष्य अवलम्बनका लागि वन, वातावरणतर्फ रू. १७ लाख, फोहर व्यवस्थापनका लागि रू. ६ लाख, विपद व्यवस्थापनतर्फ एकमुष्ठ रू. ७५ लाख बजेट व्यवस्था गरेको छु ।

ङ) प्रशासनिक तथा कार्यालय व्यवस्थापनतर्फ व्यय :

१. गाउँपालिकाका स्थायी शिक्षक र वालविकास सहजकर्ताको तलब रू. ११ करोड ५९ लाख ८७ हजार, स्वास्थ्यतर्फका स्थायी कर्मचारीहरूको तलबभत्ता रू २ करोड १ लाख, गाउँपालिकातर्फका स्थायी कर्मचारीहरूको तलब भत्ता रू. २ करोड ५५ लाख, गाउँपालिकाका करार कर्मचारीको तलबभत्ता रू. २ करोड ७६ लाख, गाउँपालिका अनुदान शिक्षकरूको तलब रू २ करोड ६६ लाख ५० हजार, गाउँपालिकाका कार्यक्रमगत करार कर्मचारीहरूको तलबभत्ता रू. २८ लाख ९८ हजार र जनप्रतिनिधीको सेवा सुविधा रू. १ करोड ३८ लाख गरी जम्मा रू २३ करोड २४ लाख ८५ हजार तलबभत्ता तथा सेवा सुविधामा विनियोजन गरेको छु ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश

राम नारायण शर्मा पोखेल
अध्यक्ष

२. न्यायिक इजालास कार्यक्रम, मेलमिलापकर्ता पारिश्रमिक, विद्यार्थीसँग कानूनी सचेतना कार्यक्रम, पत्रकारसँग न्यायिक समिति, जनतासँग गढवा गाउँपालिका कानूनका विषयमा न्यायिक संवाद कार्यक्रमका लागि एकमुष्ट रू ७ लाख बजेट व्यवस्था गरेको छु ।

३. स्थानीय सरकारको रक्तसंचार जत्तिकै महत्वपूर्ण पाटोको रूपमा रहेको मानव संशासन विकासका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास बाट नीति निर्माणमा योग्य जनप्रतिनिधि र कार्यान्वियनमा सक्षम कर्मचारी भएमा मात्र दिगो र अपेक्षित उपलब्धी हाँसिल गर्न सम्भव हुने तथ्यलाई मनन गर्दै क्षमताविकासका लागि एकमुष्ट रू ७ लाख २५ हजार रकम विनियोजन गरेको छु ।

४. संघीयताको मर्म अनुसार सहकारिता सहअस्तीत्व र समन्वयको मुल मन्त्रलाई आत्मसाथ गर्दै संघ सरकार मातहतको नेपाल प्रहरीको कार्यान्वियन ईकाई, ईलाका प्रहरी कार्यालय गढवा र मातहतका कार्यालयमा कम्प्युटर खरिद, फिल्टर तथा खानेपानी व्यवस्थापन, विट स्थापना, गाडी तथा मोटरसाईकल मर्मत र कार्यालय रङ्गरोगनमा जम्मा रू ८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५. माथि उल्लेखित आयको अनुमान बाहेक विभिन्न स्रोतहरूबाट प्राप्त रकम यसै बजेटको अंश भई जाने व्यहोरा अवगत गराउदछु ।

गरिमामय सभाका सभा अध्यक्ष ज्यू ,

अन्त्यमा बजेट निर्माण कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/परोक्ष रूपमा रचनात्मक सल्लाह, सुझाव ,एवं प्रतिक्रिया दिई सहयोग गर्नुहुने जनप्रतिनिधी ज्यूहरू, कर्मचारी, नागरिक समाज, समाजसेवी, सुरक्षा निकाय, पत्रकार मित्रहरू तथा सम्पूर्ण गढवा बासीहरू आमाबुवा, दाजुभाई तथा दिदिवहिनीहरूमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखरेल
अध्यक्ष

बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरूको सक्रीय सहभागिता भई "शिक्षा, स्वास्थ्य, कृषि र रोजगार समृद्ध गढवा गाउँपालिकाको आधार" भन्ने मूलनारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

धन्यवाद ।

प्रस्तुतकर्ता
शारदा कुमारी चौधरी
उपाध्यक्ष,
गढवा गाउँपालिका